आज मिति २०७९ साल पौष २९ गते शुक्रवारका दिन यस मनहरी गाउँपालिकाको १२ औं गाउँसभा(हिउँदे अधिवेशन) को बैठक गाउँपालिका अध्यक्ष श्री रञ्जन कालाखेती ज्यूको अध्यक्षतामा देहाय बमोजिमका गाउँसभा सदस्य ज्यूहरुको उपस्थिति रही सम्पन्न भयो ।

<u>उपस्थितिः</u>

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| १ | रन्जन कालाखेती | अध्यक्ष | ९८५५०६७४१४ | |
| २ | सिता पुलामी मगर | उपाध्यक्ष | ९८४५०७४३४२ | |
| ३ | शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | ९८४५३८९६९९ | |
| ४ | राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | ९८४५२३५५२६ | |
| ५ | अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | ९८४५२७१२९९ | |
| ६ | प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | ९८५५०६९९७३ | |
| ७ | दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | ९८६३९२६५२५ | |
| ८ | युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | ९८४३५६१३७१ | |
| ९ | ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | ९८५५०६९०१७ | |
| १० | नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | ९८५५०६७९४२ | |
| ११ | राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | ९८५५०२९९५५ | |
| १२ | सविता सुवेदी | कार्यपालिका सदस्य | ९८४५२४६३५० | |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| १३ | सेती माया तामाङ | कार्यपालिका सदस्य | ९८६५३४५०४० | |
| १४ | राम माया नगरकोटी | कार्यपालिका सदस्य | ९८६५४३१९१० | |
| १५ | मिरा खत्री | कार्यपालिका सदस्य | ९८४५४०३५०१ | |
| १६ | कान्छी माया वोट | कार्यपालिका सदस्य | ९८०२९९३४६५ | |
| १७ | चतुर कुमार सुनार | कार्यपालिका सदस्य | ९८६२०९८७६७ | |
| १८ | सावित्री घिमिरे | १ नं. दलित महिला सदस्य | ९८४५००६५६६ | |
| १९ | सानोकान्छा घलान | १ नं. वडा सदस्य | ९८६०३५१३४१ | |
| २० | दिपक ढकाल | १ नं. वडा सदस्य | ९८४५००६५९२ | |
| २१ | चमेली माया थिङ | २ नं. महिला सदस्य | ९८४८९३२७३५ | |
| २२ | कमला विश्वकर्मा | २ नं. दलित महिला सदस्य | ९८४५३८८३४९ | |
| २३ | कृष्ण बहादुर रुम्बा | २ नं वडा सदस्य | ९८६१०८१९१८ | |
| २४ | सुकराम मुक्तान | २ नं. वडा सदस्य | ९७४६५२००३७ | |
| २५ | धन माया विश्वकर्मा | ३ नं. दलित महिला सदस्य | ९८४९९६७६१४ | |
| २६ | सानु काजी लुइटेल | ३ नं. वडा सदस्य | ९८५५०६७६२२ | रिक्त |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| २७ | हिरा बहादुर प्रजा | ३ नं. वडा सदस्य | ९८११८८९१०३ | |
| २८ | गंगा विश्वकर्मा | ४ नं. दलित महिला सदस्य | ९८०७२६८६४१ | गंगा |
| २९ | दिनेश चेपाङ | ४ नं. वडा सदस्य | ९८०९२८७४६६ | |
| ३० | आइत सिं स्याङतान | ४ नं. वडा सदस्य | ९८४१८०५३९० | Aita |
| ३१ | सरला थापा | ५ नं. महिला सदस्य | ९८२१२३०५४२ | सरला |
| ३२ | संजीता परियार | ५ नं. दलित महिला सदस्य | ९८०६६९११८५ | सन्जिता |
| ३३ | काजीमान स्याङतान | ५ नं. वडा सदस्य | ९८४५३०१५३५ | |
| ३४ | बुद्धि बहादुर स्याङतान | ५ नं. वडा सदस्य | ९८६११७१४६० | |
| ३५ | प्रविता विश्वकर्मा | ६ नं. दलित महिला सदस्य | ९८४५३६८२१० | प्रविता |
| ३६ | कुमार सिं मुक्तान | ६ नं. वडा सदस्य | ९८५५०८४११७ | |
| ३७ | विष्णु बहादुर राई | ६ नं. वडा सदस्य | ९८४५१०६१६१ | |
| ३८ | राधा देवी पाठक | ७ नं. महिला सदस्य | ९८४५८०४५४६ | |
| ३९ | विमला सुनार | ७ नं. दलित महिला सदस्य | ९८४५१४७०२५ | |
| ४० | कमल बहादुर वस्नेत | ७ नं. वडा सदस्य | ९८६५०११२४७ | |

| सि.नं | नामथर | पद | सम्पर्क नं | दस्तखत |
|---|---|---|---|---|
| ४१ | नवराज सुवेदी | ७ नं. वडा सदस्य | ९८४५११६८२६४ | |
| ४२ | कृष्ण कुमारी रिमाल | ८ नं. महिला सदस्य | ९८४५८१६४२४ | |
| ४३ | लक्ष्मी विश्वकर्मा | ८ नं. दलित महिला सदस्य | ९८६५५०४३९० | |
| ४४ | पंच लाल थिङ | ८ नं. वडा सदस्य | ९८४५५७६३७८ | |
| ४५ | राम प्रसाद सुवेदी | ८ नं. वडा सदस्य | ९८४५२३९७८२ | |
| ४६ | देवी कुमारी अधिकारी | ९ नं. महिला सदस्य | ९८४९६९५२५६ | |
| ४७ | गंगा सुनार | ९ नं. दलित महिला सदस्य | ९८१४२७५२५४ | |
| ४८ | गुप्त वहादुर थापा | ९ नं. वडा सदस्य | ९८४५२३५३२९ | |
| ४९ | पर्व देव अधिकारी | ९ नं. वडा सदस्य | ९८४५१०२६४१ | |
| ५० | मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | | |

२०७९ पुष २९ गते बसेको मनहरी गाउँपालिका गाउँसभाको बाह्रौं अधिवेशनको निर्णयहरु

२०७९ पुष महिनाको २९ गतेको मनहरी गाउँपालिका गाउँसभाको छलफलका विषयहरु :

१. आर्थिक ऐन, २०७९ को पहिलो संशोधन सम्बन्धमा ।
२. विनियोजन ऐन, २०७९ को पहिलो संशोधन सम्बन्धमा ।
३. गाउँ शिक्षा ऐन, २०७५ को दोस्रो संशोधन सम्बन्धमा ।
४. महालेखापरीक्षकको कार्यालयबाट तयार पारिएको यस गाउँपालिकाको २०७७।०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनका सम्बन्धमा ।
५. लेखा समिति निर्णयको आधारमा नियमित गर्नुपर्ने र प्रमाण पेश गर्नुपर्ने बेरुजू सम्परीक्षणको लागि म.ले.प. समक्ष पेश गर्ने सम्बन्धमा
६. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको कर तथा गैर कर राजश्व संकलन, सेवा शुल्क असुली लगायत आर्थिक संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक ऐन, २०७९ लाई थप व्यवस्थित गरी समय सापेक्ष बनाउनको लागि मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ लाई देहाय बमोजिम हुने गरी पहिलो संशोधन गर्ने निर्णय गरीयो ।

मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ (पहिलो संसोधन)

सभामा पेश भएको मिति : २०७९/०९/२९

**प्रस्तावना :** मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनिय भएकोले ।

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मनहरी गाउँ सभाको एघारौं अधिवेशनले स्वीकृत गरेको ऐनलाई यस बाह्रौं अधिवेशनले पहिलो संशोधन गरीएको छ ।

रन्जन कालाखेती
अध्यक्ष

२०७९ पुष २९ गते बसेको मनहरी गाउँपालिका गाउँसभाको बाह्रौं अधिवेशनको निर्णयहरु

आर्थिक ऐन, २०७९ (संशोधन) मा थप गरीएका प्रावधानहरु

१. नक्सा पास अभिलेखिकरण दस्तुर रु. ९ प्रति वर्गफुट
२. बार्षिक रुपमा गाउँपालिकालाई तिर्नुपर्ने नविकरण बापत लाग्ने कर, दस्तुर तथा शुल्क (यस बर्ष गाउँपालिकाले सूचना प्रकाशन गरेको ३६ औं दिनबाट लागू हुने) रकममा १० प्रतिशतको दरले प्रति बर्ष ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७९ को पहिलो संशोधन देहाय बमोजिम हुनेगरी निर्णय गरीयो ।

**मनहरी गाउँपालिकाको विनियोजन ऐन, २०७९ (पहिलो संशोधन)**

सभामा पेश भएको मिति : २०७९/०९/२९

**प्रस्तावना:** मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिईएकोमा साविक विनियोजन बजेटलाई संशोधन गरी केहि रकम थप विनियोजन र खर्च गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मनहरी गाउँ सभाको एघारौ अधिवेशनले स्वीकृत गरेको ऐनलाई यस बाह्रौं अधिवेशनले पहिलो संशोधन गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मनहरी गाउँपालिकाको विनियोजन ऐन, (पहिलो संशोधन ) २०७९" रहेको छ ।

(२) यो ऐन गाउँसभाको अधिवेशनबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**- आ.ब. ०७९/८० को चालु तथा पुजींगत तर्फको कार्यक्रम/आयोजना/ क्रियाकलापहरु (संशोधित व्यवस्था)**

क. तपसिल हटाउने योजना/कार्यक्रमहरु

| क्र. सं. | योजना कार्यक्रमको नाम | बजेट क्र.सं. | कार्यान्वयन हुने वडा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | लामिटार चकरी मकरी सडक स्तरउन्नती समपुरक गापाको तर्फबाट | | १ र ३ | २५,४९,०००। | ठेक्का लगाइ बाँकी रहेको |
| २. | मनहरी गा. पा. २ नम्बर वडा स्तरउन्नती समपुरक गापाको तर्फबाट | | २ | ३८,४९,०००। | ठेक्का लगाइ बाँकी रहेको |
| ३. | ज्यामिरे केराबारी सडक सडक समपुरक | | ९ | ३१,५०,०००। | ठेक्का लगाइ |

२०७९ पुष २९ गते बसेको मनहरी गाउँपालिका गाउँसभाको बाह्रौं अधिवेशनको निर्णयहरु

| क्र. सं. | योजना कार्यक्रमको नाम | बजेट क्र.सं. | कार्यान्वयन हुने वडा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| | गा.पा.को तर्फबाट | | | | बाँकी रहेको |
| ४. | तल्लो ज्यामिरे खेलकुद मैदान | | ९ | १,००,०००। | कार्यान्वयन हुन नसक्ने |
| ५. | कालिका सामुदायिक वन उ. स. भवन निर्माण आ.व. २०७७/०७८ मा लागत सहभागिता योजना भुक्तानी बाँकी | | ९ | १३,८५,०००। | कार्यान्वयन हुन नसक्ने |
| ६. | बामैत्री उद्यान कम्तिमा १ वटा | | | १३,००,०००। | कार्यान्वयन हुन नसक्ने |
| ७. | दुधमा अनुदान प्रतिलिटर रु २ थप | | | १६,००,०००। | अनुदान उपलब्ध गराइ बाँकी रहेको |
| ८. | विद्यालय मर्जर प्रोत्साहन स्वरुप बस खरिद हस्तान्तरण तथा व्यवस्थापन | | | ३६,००,०००। | कार्यान्वयन हुन नसक्ने |
| ९. | गाउँ शिक्षा योजना निर्माण | | | २,००,०००। | कार्यान्वयन हुन नसक्ने |
| १०. | लामिटार चकरी मकरी सडक स्तरोन्नति समपुरक गापाको तर्फबाट | सि.नं. २४१ | यातायत पूर्वाधार | १७,००,०००। | दोहोरो |
| **जम्मा** | | | | १,९४,४७,०००। | |

ख. तपसिल थप हुने योजना/कार्यक्रम

| क्र.सं. | कार्यक्रम/योजनाहरुको विवरण | कार्यक्रम संचालन हुने वडा | अनुमानित लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चकरी सिंचाई | वडा नं. १ | ३,००,०००। | श्रोतको सुनिश्चितता गरी गाउँकार्यपालिकाबाट निर्णय भए पश्चात कार्यान्वयन हुने । |
| २ | सत्य वचन परम ईश्वरिय मार्ग दर्शन चकरी झुल्यान | वडा नं. १ | ३,००,०००। | " |



रन्जन कार्की
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | कालीका मन्दिर गोगनपानी | वडा नं. १ | ३,००,०००। | " |
| ४ | लोकहित उपभोक्ता समितीको भवन मर्मत | वडा नं. १ | २,००,०००। | " |
| ५ | माझटोल समुह भवन | वडा नं. १ | १,००,०००। | " |
| ६ | सत्य वचन मार्गदर्शन मकरी-स्कुलटोल मकरी | वडा नं. १ | ३,००,०००। | " |
| ७ | घ्याबाडाँडा अधुरो सिंचाई ट्याङ्की निर्माण | वडा नं. २ | ४,००,०००। | " |
| ८ | धासेटोल देखि गणेशटोल च्यापल जाने बाटो स्तरिकरण | वडा नं. २ | २,००,०००। | " |
| ९ | बलिराज टोल बस्तिबचाउ | वडा नं. २ | ३,००,०००। | " |
| १० | हस्तेटोल बाटो स्तरिकरण | वडा नं. २ | ५,००,०००। | " |
| ११ | हिरामान टोल खानेपानी निर्माण | वडा नं. २ | १,००,०००। | " |
| १२ | सिद्धकाली चौतारा मर्मत संभार | वडा नं. ३ | २,५०,०००। | " |
| १३ | लामिटार थोक्रा टोल सार्वजनिक शौचालय र ट्युबेल निर्माण | वडा नं. ३ | ३,००,०००। | " |
| १४ | कुवा मर्मत संभार | वडा नं. ३ | २,००,०००। | " |
| १५ | घिसिङ डाँडा खानेपानी निर्माण योजना | वडा नं.३ | १,००,०००। | " |
| १६ | तल्लो सिद्धकाली अर्जेल टाईलाको घरमुनी खानेपानी मर्मत संभार | वडा नं. ३ | २,००,०००। | " |
| १७ | भुन्द्रुङ हुँदै चेपाङ बस्ति जानेबाटो स्तरिकरण | वडा नं. ३ | ३,५०,०००। | " |
| १८ | महेन्द्र ज्योति मा.वि. को अगाडिको खहरे नियन्त्रण | वडा नं. ३ | १,००,०००। | " |
| १९ | घटखोल्ची संरक्षण | वडा नं. ४ | ६,००,०००। | " |

| | | | | |
|---|---|---|---|---|
| २० | कालिखोला खानेपानी | वडा नं. ४ | ६,००,०००। | 〃 |
| २१ | चलान सिं रुम्बा देखि प्रेम थिङको घर जाने बाटो | वडा नं. ४ | ३,००,०००। | 〃 |
| २२ | बसपार्क देखि दिपक पण्डितको टोल जाने बाटो स्तरिकरण | वडा नं. ५ | ५,००,०००। | 〃 |
| २३ | दर्दरा कुलो मर्मत तथा पर्खाल निर्माण | वडा नं. ५ | २,००,०००। | 〃 |
| २४ | सिरुदमार बस्तीबचाउ | वडा नं. ५ | ३,००,०००। | 〃 |
| २५ | डण्डिबारी शिखरबास बाटो स्ल्याब ढलान | वडा नं. ५ | ५,००,०००। | 〃 |
| २६ | हिलदमार हुँदै पाङ्थलि जोड्ने सडक निर्माण | वडा नं. ६ | ६,००,०००। | 〃 |
| २७ | एक्ले ढुङ्गा देखि बालभञ्याङ जोड्ने अपुरो सडक निर्माण | वडा नं. ६ | ५,००,०००। | 〃 |
| २८ | चौकीटोल गुम्बा हुँदै ३ न. कुलोको कंक्रिट वाल छेउमा ग्रेभलिङगर्ने काम | वडा नं. ६ | १,००,०००। | 〃 |
| २९ | प्रेसबेटियन चर्च संगित भवनको जिपसन निर्मण नयाँबस्ती | वडा नं. ६ | १,००,०००। | 〃 |
| ३० | गोलघर देखि ३ भंगाले जाने १ नं. कुलोमा ५० मि. ढलान र हयुम पाईप | वडा नं. ६ | १,००,०००। | 〃 |
| ३१ | ६ नं. वडाका बिभिन्न टोलहरुका पोलहरुमा बिजुलि बत्ति जडान | वडा नं. ६ | १,००,०००। | 〃 |
| ३२ | वडा नं. ७ को कार्यालय भवन कम्पाउण्ड वाल निर्माण | वडा नं. ७ | १५,००,०००। | 〃 |
| ३३ | लामिडाँडा खानेपानी ट्याङ्की र कम्पाउण्ड | वडा नं. ८ | ९,००,०००। | 〃 |
| ३४ | वडा नं. ८ कृषि सडक सिंचाई | वडा नं. ८ | ४,००,०००। | 〃 |
| ३५ | वडा नं. ८ चर्च भवन निर्माण गुरुङ टोल | वडा नं. ८ | २,००,०००। | 〃 |
| ३६ | वडा नं. ९ को कार्यालय कम्पाण्ड वाल निर्माण | वडा नं. ९ | १५,००,०००। | 〃 |

| | | | | |
|---|---|---|---|---|
| ३७. | कालिका सामुदायिक वन उ. स. भवन निर्माण आ. व. २०७७/०७८ मा लागत सहभागिता रकम फिर्ता | ९ | ५,३४,०००। | कार्य सम्पन्न हुन नसक्ने हुँदा समितिले जम्मा गरेको रकम फिर्ता |
| ३८ | क्युपेक नेपालसंगको सहकार्यमा स्वास्थ्य बीमा दुर्घटना बीमा तथा सुरक्षा सामग्री खरिद तथा हस्तान्तरण | | १,००,०००। | |
| ३९. | मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन | न्यायिक समिति | ५,००,०००। | |
| ४०. | असाहयलाई एम्बुलेन्स भाडा सोधभर्ना | स्वास्थ्य | २,००,०००। | |
| ४१ | खानेपानी धाराको लागि निर्माण सामग्री सहयोग | | ३,००,०००। | |
| ४२ | अन्य सार्वजनिक निर्माण थप | पूर्वाधार | १८,१३,०००। | |
| ४३ | महेन्द्रज्योति मा.वि. मनहरी ३ विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन | शिक्षा | ८,००,०००। | |
| ४४ | प्रतापुर सडक योजना ठेक्का निरन्तरता समपुरक वापत | यातायात पूर्वाधार | १७,००,०००। | भुक्तानी हुन बाँकी |
| जम्मा | | | १,९४,४७,००० । | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को केही प्रावधानहरुलाई समय सापेक्ष बनाउनको लागि देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरीयो ।

**मनहरी गाउँपालिकाको शिक्षा ऐन, २०७५ (दोस्रो संशोधन)**

सभामा पेश भएको मिति : २०७९/०९/२९

<u>प्रस्तावना</u> मनहरी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को केही प्रावधानहरुलाई समय सापेक्ष बनाउनको लागि लाई संशोधन गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मनहरी गाउँपालिकाको गाउँ सभाको बाह्रौ अधिवेशनले यो ऐन दोस्रो संशोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम मनहरी गाउँपालिकाको शिक्षा ऐन, (दोस्रो संशोधन) २०७५ रहेको छ ।

(२) यो ऐन गाउँसभाको अधिवेशनबाट पारीत भएपश्चात तुरुन्त लागु हुनेछ ।

२०७९ पुष २९ गते बसेको मनहरी गाउँपालिका गाउँसभाको बाह्रौं अधिवेशनको निर्णयहरु

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम मनहरी गाउँपालिकाको शिक्षा ऐन, (दोस्रो संशोधन) २०७५ रहेको छ ।

(२) यो ऐन गाउँसभाको अधिवेशनबाट पारीत भएपश्चात तुरुन्त लागु हुनेछ ।

**गाउँ शिक्षा ऐनको साविकको व्यवस्था** – ऐनको दफा १५ को (५) मा समाजसेवी तथा शिक्षा प्रेमीहरु मध्येबाट १ जना दलित, १ जना महिला पर्ने गरी गाउँपालिकाले मनोनित गरेका ३ जना

**संशोधन पछि कायम हुने विषय** : ऐनको दफा १५ को (छ) मा समाजसेवी तथा शिक्षा प्रेमीहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको १ जना

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा महालेखा परीक्षक कार्यालयले दिएको आ.व. ०७७/०७८ को अन्तिम लेखा परीक्षण प्रतिवेदन गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेतीज्यूको तर्फबाट मनहरी गाउँपालिका वडा नं. ७ का अध्यक्ष तथा मनहरी गाउँपालिकाका सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री ठाकुरराम तितुङज्यूद्वारा प्रस्तुत आ. आ ०७९/८० को अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरी आगामी आर्थिक कारोबारमा सोहि प्रकृतिका कार्यक्रमहरुमा बेरुजु नआउने गरी कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.ब. ०७६/०७७, ०७७/०७८ को अन्तिम लेखा परीक्षणमा महालेखा परीक्षकबाट देहाय बमोजिम औल्याइएका नियमित गर्नुपर्ने बेरुजुहरुको सम्बन्धमा अध्ययन तथा दफावार रुपमा लेखा समितिले छलफल गरी यस सभाको अधिवेशनमा समेत दफावार छलफल भई कानून बमोजिम पुर्याउनु पर्ने रीत सामान्य रुपमा नपुगेको तर सरकारी नगदी, जिन्सी वा कुनै पनि प्रकारका हानी नोक्सानी नपुगेको सो खर्चको काई गाउँपालिकालाई कुनै क्षति नभएको र गरिएको खर्चहरुमा प्रकृयागत त्रुटि भएता पनि खर्चको औचित्यता रहेको हुँदा रु. ५,७०,३२,६१३। (अक्षेरुपी पाँच करोड सतरी लाख बत्तीस हजार छ सय तेह्र) को बेरुजू रकम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक बर्ष २०७७।०७८

| सि.नं. | बेरुजु दफा | बेरुज"को संक्षिप्त व्योरा व्यहोरा | बेरुजु रकम | फछ्र्यौटको व्यहोरा | फछ्र्यौटको रकम |
|---|---|---|---|---|---|
| १ | ६.२ | प्रदेश आथिक ऐन, २०७७ को दफा ९ अनुसुची ५ बमोजिम ढुंगा, गिटि, बालुवा, दहतर बहतर शुल्क प्रति घनिफट मूल्य अभिबृदिकर बाहेक यूनतम ९ को दरले असूल गनुपर्ने ब्यवस्था छ । सो बमोजिम पालिकाले आय ठेक्काको लागत अनुमान तयार गरी तत्पश्चात १५ प्रतशित ओभरहेड घटाई न्यूनतम कबोल अंक कायम गरेको छ । सो बमोजम पालिकाले आय ठेक्का लगाएको १३२२३६५० घनफिट ३७४८२० घनिमटर नदिजन्य पदाथको घनिफट मूल्य अभिबृद्धि कर १०.१७ का दरले १३ करोड ४४ लाख ८४ हजार ५२० न्युनतम कबोल अंक कायम गरी बोलपत्र सूचना प्रकाशन गनुपर्नेमा १५प्रतिशत ओभरहेड सहित २ करोड ०१ लाख ७२ हजार ६७८ घटाई न्युनतम कबोल अंक कायम गरेको देखिन्छ । तसर्थ कानूनबिपरीत ओभरहेड प्रदान गरी पालिकालाई हानी नोक्सानी पारेको रकमको सम्बन्धमा लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ। | २,०१,७२,६७८। | यस दफा ६.२ मा उल्लेख भएको कैफियतको सम्बन्धमा उक्त आय ठेक्का यस कार्यालयबाट कार्यान्वयन गरिएको आय ठेक्का संग सम्बन्धित ठेक्का भएको त्यस्तो आय ठेक्का लगाउने संघ प्रदेश र स्थानीय तिनवटै कानूनको पर्याप्त व्यवस्था नभएको, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ को ६ मा ढुङ्गा गिटि बालुवाको कर संकलन सम्बन्धमा स्थानीय तहको एकल अधिकार क्षेत्र भनि उल्लेख गरेको तथा सोही ऐनको दफा ६२ क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिटि, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ भन्ने व्यबस्था रहेको समेत आधारमा न्युनतम ठेक्का अंक कायम गर्न तोकीएको प्रदेश कानूनबमोजिमको बिक्रि शुल्क रु. ९ ले कुल निकासी हुने पुरा परिमाणमा बराबरनै न्युनतम अंक एकीन गर्ने हो भने बोलपत्रदाताहरुबिच प्रतिस्पर्धा गर्ने मनासिब आधार नहुने र राजस्व संकलन गर्ने कार्यमा संलग्न ठेकेदारकोलागी संचालन तथा व्यवस्थापन खर्च उपलब्ध गराउन बैकल्पिक व्यवस्था समेत नदेखिने अवस्थालाई मध्यनजर गरि सार्बजनिक खरीद नियमावली २०६४ को नियम १० को उपनियम ७ को अनुसुची १ अनुसार कुल निकासी हुने परिमाणमा १५ प्रतिशत शिरोभार खर्च उपलब्ध गराउने गरि न्युनतम अंक कायम गरिएको व्यहोरा अनुरोध छ ।साबिक जिल्ला बिकास समितिबाट हुने गरेको अभ्यास र सोही आ.ब.मा समेत यस्तै प्रकारको ठेक्का बन्दोबस्ती गर्ने राक्सिराङ लगायत पालिकासंग लिईएको मौखिक जानकारी अनुसार समेत त्यस्तो ठेक्कामा ओभरहेड खर्च राख्ने गरेको बुझिएको (हाल यस्तो प्रकारको ठेक्का बन्दोबस्ती गर्ने स्पष्ट कानूननभएतापनि साबिकमा जिल्ला बिकास समितिहरुले यस्तो प्रकारको आय ठेक्का बन्दोबस्तीमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली–२०६४ को परिच्छेद–६, नियम १६७ को उपनियम–४ को खण्ड क र ङ मा "श्रोत परिचालनको व्यबस्थापन तथा लागत बिचार गरी न्युनतम ठेक्का अंक कायम गर्नुपर्ने" र एकमुष्ठ बुझाएमा छुट दिन सकिने प्रावधान | २,०१,७२,६७८। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रहेकोमा निजहरुले आय ठेक्कामा त्यसरी ओभरहेड तथा छुटको प्रावधान कार्यान्वयन गर्ने गरेकोले हाल सार्बजनिक खरीद अनुगमनको कार्यालयले समेत यस्तो नदीजन्य पदार्थ निकासी प्रकारको आय ठेक्का कार्य खरीद ऐन नियमावली बमोजिम खरीदको परिभाषाभित्र नपर्ने भएकोले कुनै लिखित राय सुझाब दिने समेत गरेको पाईदैन र कार्यालयका जनप्रतिनिधी/पदाधिकारीसंग भएको छलफलबाट समेत बढि परिमाण निकासी समेत हुन नहुने र तोकिएको दर भन्दा बढी दरमा ठेकेदारले राजस्व संकलन गर्न पनि नपाउने अबस्थामा "ओभरहेड" खर्चमानै प्रतिस्पर्धा गराउनु व्यबहारत जायज हुने मिती २०७७ पौष १ कार्यापालिका बैठकले समेत उक्त परिमाण स्विकृत गरि सो मा १५ प्रतिशत ओभरहेड घटाइ न्युन अक कायम गरी सुचना प्रकाशन गर्ने भन्ने निर्णय समेत भएको भन्ने आधारबाट नै सो न्युनतम अंक कायम गरि सुचना प्रकाशन भएको र प्रकाशित सुचना बमोजिम सहभागी भइ छनौट भएको ठेकेदारसंग सोही सुचनामा तोकिएको शर्त बमोजमि नै 2077-07-07 ठेक्का सम्झौता रकम प्राप्त भएको देखिदा सो सम्बन्धमा कोही कसैबाट नियतबस गाँउपालिकालाई कुनै किसिमको रकम कम हुने गरि सम्झौता भएको देखिदैन । त्यसरी कायम भएको न्युनतम अंकलाई कार्यपालिका बैंठकले समेत स्वीकृत गर्ने निर्णय भएको साथै मनहरी गाँउपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७६ को दफा ४३ र ४८ समेतलाई बिचार गर्नुपर्ने आधारमा नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |
| २ | २२ | **ओ एड एम सर्भे**<br>पालिकाको ओ एड एम सर्भे बापत परामर्शदाता श्री समिका रिसर्च एड टेनिङ सेन्टरलाई ४,९७,२००।०० भुक्तानी भएको छ । उक्त खर्च परामर्श सेवा शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा सावजिनक उपयोगिताको सेवा शिर्षकबाट ४,१०,०००।०० र करार सेवा शुल्कबाट ८७,२००।०० भुक्तानी भएको छ । उक्त परामर्शसेवा खरिदको लागत अनुमान स्वीकृत नर्मस अनुसार तयार समेत नगरएकोले रकम अनियमित देखिएको | ४,९७,२००। | पालिकाको ओ एड एम सर्भे बापत परामर्शदाता श्री समिका रिसर्च एड टेनिङ सेन्टरलाई भुक्तानी भएको उक्त खर्च परामर्श सेवा शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा सावजिनक उपयोगिताको सेवा शिर्षकबाट र करार सेवा शुल्कबाट भुक्तानी भएको छ । सो रकम भुक्तानीका लागी कार्यापालिकाबाट निर्णय समेत भएको र परामर्श सेवा खरिदको लागत अनुमान स्वीकृत नर्मस अनुसार तयार समेत भएको सो कारणले पालिकालाइ कुनै किसिमको हानी नोक्सानी नभएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ४,९७,२००। |
| ३ | ३१ | **जिम सामान** | २,४९,४३५। | कार्यापालिका बाट निर्णय भइ स्वीकृत कार्यक्रम अनुसार रहेको आवश्यक | २,४९,४३५। |

रञ्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td></td><td></td><td>स्वीकृत कार्यक्रम बेगर जिम सामान वितरण उपभोक्ता समितलाई कन्टिजेन्सीबाट २६९४३५।० भुक्तानी भएको छ। एम एन बिसि प्रालिको बिल संलग्न गरी पालिकामा दाखिला समेत नगरी उपभोक्ता समितिलाई रकम भुक्तानी भएको छ । सार्बजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिको श्रम आवश्यकता नपर्ने सामान खरिदको लागि मात्र उपभोक्ता समितिसग सझौता गर्न मिल्ने देखिएन । निर्माण कायको लागि मात्र लाभग्राही बर्गसँग सझौता गर्न मिल्ने नियमको व्यवस्था नरहेकोले खर्च रकम अनियमित देखियो ।</td><td></td><td>सामान भएकाले कन्टीन्जेन्सी शिर्षकबाट भुक्तानी भएको र एम एन बिसि प्रालिको बिल संलग्न गरी पालिकामा दाखिला समेत भएकोले सो कारणले पालिकालाइ कुन किसिमको हानि नोक्सानि भएको नदेखिएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>४</td><td>३२</td><td>यूरोगार्ड जडान<br>सार्बजिनक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजम प्रतिस्पर्धामा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५)१ख ( मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी एउटै, फर्म , संस्था वा कम्पनीबाट ५ लाख भन्दा बढीको कार्य सोझै खरिद गर्न नसिकने अवस्था छ । तर पालिकाले आर्थिक बर्षको अन्त्यमा निम्नानुसार ३ विद्यालयको खातामा यूरोगार्ड जडान गर्न रकम निकासा गरी अलग अलग ३ प्याकेज बनाई ३ वटै प्याकेजको कार्य अकवा सप्लायर्सबाट गराएको देखिन्छ। यस सम्बन्धमा पालिकाको पदाधकारीहसग छलफल गर्दा अलग अलग विद्यालयको कार्य भएकोले एकै कम्पनीबाट सोझै गराएको जानकारी गराउनुभएको छ । तसर्थ आर्थिक वर्षको अन्तसम्म पालिकाबाट खरिद कारवाही संचालन नहुने र अन्तमा विद्यालयलाई निकासा दिने तथा विद्यालयले एकै सप्लायर्सबाट खरिद गरेकोले खरिद दार्य प्रतिस्पर्धा र मितव्ययि रहेको छ भन्न सकीएन । तसर्थ खरिद कार्यको प्रतिस्पर्धा हुनेगरी विद्यालयलाई निकासा दिई सोझै खरिद गरेको नियिमत देखिएन ।
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>५९८</td><td>२०७८।३।१८</td><td>महेन्द्र किरण मा वि</td><td>२७४९९५</td></tr>
<tr><td>५९९</td><td>२०७८।३।१८</td><td>राष्टियरोटरीमा मा वि</td><td>२७४९९५</td></tr>
<tr><td>६००</td><td>२०७८।३।१८</td><td>राष्टिय मा वि</td><td>२७४९९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८,२४,९८५।</td></tr>
</table></td><td>८,२४,९८५।</td><td>सम्बन्धित बिधालयहरुलाई खरिद प्रकृया गरी बिधालयले नै खरिद जडान गरी कार्य सम्पन्न प्रतिबेदन समेत पेश भएको आधारमा भुक्तानी गरिएको कार्यालयले सिधै खरिद नगरिएको कारण र आवश्यक सामान भएकोले खरिद कार्य आवश्यक रहेकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td><td>८,२४,९८५।</td></tr>
<tr><td>५</td><td>३३</td><td>बोयर पाठा पाठी खरिद<br>सिमथली बाख्रा उत्पादन फर्मबाट बोयर जातको १० वटा पाठा पाठी खरिद गरि रु २ लाख ५० हजार भुक्तानी गरेको छ। बोयर जातको पाठा पाठीको आधारभूत बिशेषतामा गर्दन देखि माथि र अगाडीको खुट्टाको घुडामुनी रातो र बाँकी भाग सेतो हुनु पर्दछ । तर श्रेस्ता साथ संलग्न</td><td>२,५०,०००।</td><td>फोटोको आधारमा मात्र बोयर जातको पाठापाठिको बिशेषता नभएको भन्न नमिल्ने र सो पाठापाठीको अरु सबै बिशेषता बोयर जात संग मिल्ने रहेको सो शाखाको कर्मचारीबाट सो पाठा पाठी बोयर जातको आधिकरिक उत्पादन केन्द्रबाट नै खरिद गरिएको भन्ने प्रमाण पेश भएकोले नियमितका लागि</td><td>२,५०,०००।</td></tr>
</table>



रञ्जन कालाखेती
अध्यक्ष

<table>
<tr><td></td><td></td><td>फोटोहरुमा एउटा बाहेक कुनैमा पनि बैयैर जातको बिशेषता नदेखिएकोले कार्यक्रम सञ्चालन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td><td>लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>६</td><td>41</td><td>पाईप जडान<br>सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामग्रीको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । त्यसैगरि खरिद नियमावलीको नियम १२३ मा खरिद गरिएका निर्माण सामाग्रीहरु जडान भएको नापी किताबका आधारमा प्राविधिक। मुल्यांकन गरी भुक्तानी दिने उल्लेख छ। पालिकाले देहायका योजनाहरुमा उपभोक्ता समितिबाट खरिद गरेको निम्नानुसार पाईपहरु जडान भएको देखिने। प्राविधिक मुल्यांक्न लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ उक्त पाईपहरु जडान भएको नापी किताब पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गो भो</th><th>योजना</th><th>रकम</th></tr>
<tr><td></td><td>हाडिखोला खानेपानी</td><td>1434435</td></tr>
<tr><td></td><td>मनहरी ८बृहत खानेपानी</td><td>670258</td></tr>
<tr><td></td><td>मनहरी ९बृहत खानेपानी</td><td>1285462</td></tr>
<tr><td></td><td>जम्मा</td><td>3390155</td></tr>
</table></td><td>३३,९०,१५५।</td><td>गो भौ नं २५९ मा उल्लेख भए बमोजिम हाडिखोला खानेपानीमा आ.व. २०७७।०७८ मा १५,५०० मिटर पाइपलाइन खरिद गरेकोमा ७,९५७ मिटर लागि मात्र खन्ने र पुर्ने तथा पाईप जडान गर्ने बजेट पुगेकोले सोहि आ व मा जडान गरिएको र बाँकी ७५४३ मिटर पाइप आ.व. २०७८।०७९ मा जडान भएको । सो को विवरण उल्लेखित नापी समेत पेश भई सकेको ।गो.भौ.नं ४५७ मा उल्लेख भए बमोजिम मनहरी ८ बृहत खानेपानीमा आव. २०७७।०७८ मा २३८० मिटर पाइपलाइन खरिद गरेकोमा १५८० मिटर लागि मात्र खन्ने र पुर्ने तथा पाईप जडान गर्ने बजेट पुगेकोले सोहि आ.व. मा जडान गरिएको र बाँकी ८०० मिटर पाइप आ.व. २०७८।०७९ मा जडान भएको । सो को विवरण उल्लेखित नापी समेत पेश भई सकेको । गो भौ नं ४५८ मा उल्लेख भए बमोजिम मनहरी ९ बृहत खानेपानीमा आ.व. २०७७।०७८ मा ४६२४ मिटर पाइपलाइन खरिद गरेकोमा ६२४ मिटर लागि मात्र खन्ने र पुर्ने तथा पाईप जडान गर्ने बजेट पुगेकोले सोहि आ.व. मा जडान गरिएको र बाँकी ४००० मिटर पाइप आ.व. २०७८।०७९ मा जडान भएको । सो को विवरण उल्लेखित नापी समेत पेश भई सकेकाले. नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।</td><td>३३,९०,१५५।</td></tr>
<tr><td>७</td><td>४८</td><td>सट्टा शिक्षक<br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य क्षेत्र रहेको देखिन्छ । जसमा पालिकाले श्रोत शिक्षकको सट्टामा अर्को शिक्षक व्यवस्थापन गरी खर्च लेखांकन गर्न मिल्ने देखिदैन। तर गोभौं २०१ मिति २०७७।०९।०५ बाट भोज सिद्ध माविलाई सट्टा शिक्षकको तलब भता वापत रु.५००००० निकासा दिएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा उक्त विद्यालयका शिक्षक श्री पूर्ण भद्र भूषाल गाउँपालिकामा कार्यरत रहेको उल्लेख छ। गाउँपालिकाका विद्यालय तथा शिक्षकहरुको समन्वयको लागि सातौं स्तरको शिक्षा अधिकृत सहित शिक्षा शाखा रहेकोमा पुनः विद्यालयमा कार्यरत शिक्षकलाई गाउँपालिकामा स्रोत शिक्षक वापत राखि निजको सट्टामा सट्टा शिक्षक राखेकोले पालिकाले एकै कार्यको लागि दोहोरो खर्च गरेको देखिन्छ । तसर्थ पालिकाले कानुनमा व्यवस्था नभएको अभ्यास गरी पालिकालाई थप व्ययभार पारेको देखिएको रु.</td><td>५,००,०००।</td><td>नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन एन, २०७४ बमोजिम विधालय शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहेको मनहरी गा. पा. को शिक्षा शाखामा २ जना मात्र कर्मचारी रही विधालय संख्या र विधार्थी संख्याको अनुपातमा कामको चाप बढि रहेको तथा शिक्षा अधिकृतले मात्र शिक्षा शाखाको कामकाज र विधालय अनुगमन नियमन सुपरीवेक्षण कक्षा अवलोकन र शिक्षकलाई पेशागत सहयोग लगायतका कामकाज गर्न नभ्याउने हुदा भोजसिद्ध मा वि मनहरी ५ बसन्तपुरका माध्यामिक शिक्षक श्री पुर्णभद्र भुसाललाई मिति २०७६ मंसिर ११ को गाउँ शिक्षा समितीको बैठकको निर्णय बमोजिम गा. पा. बाट शिक्षा शाखा अन्तर्गत कामकाजमा राखी निजको सट्टामा काम गर्न विधालयले करार सम्झेता गरी नियुक्त शिक्षकलाई तलब भता व्यवस्थापन गरिएकोले</td><td>५,००,०००।</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नियमितका लागी गाउँसभाको अधिवेशनमा पठाउने निर्णय गरियो | |
| ८ | ६४ | **माछा पालनका लागि भुरा तथा दाना वितरण**<br>त्यसैगरी उपरोक्ता अनुसार माछाको भूरा तथा दाना वितरण कार्यक्रम संचालन, २०७७ आषाढ र श्रावणमा संचालन भएकोमा तथा माछा तथा दाना खरिद गरी विवरण गरेको विल समावेश गरी श्री बरुण कुमार ठकुरलाई गोभौ नँ१६९ मिति २०७७।०८।३० बाट १५००००० सोधभर्ना दिएको छ। र वितरण गरीएको माछाको भुराहरुको अवस्था सम्बन्धमा पालिकाले लेखापरीक्षण अवधि २०७८।१२।२० सम्म पनि अनुगमन नभएको कारण लक्ष्य अनुसारको उपलब्धी प्राप्त भए नभएको सम्बन्धमा यकिन गर्ने सकिएन । तसर्थ, वितरित माछा तथा दाना लक्ष्य अनुरुप संचालन भए नभएको सम्बन्धमा पालिकाको पदाधिकारी सहित अनुगमन हुनुपर्दछ । | ६,००,०००। | माछाको भूरा तथा दाना वितरण कार्यक्रमको वितरित माछा तथा दाना लक्ष्य अनुरुप संचालन भए नभएको सम्बन्धमा पालिकाको पदाधिकारी सहित अनुगमन भईसकेको।लक्ष्य अनुसारको उपलब्धी प्राप्त भएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ६,००,०००। |
| ९ | ६५ | **पाडिको सट्टा पाडो बितरण**<br>पालिकाले स्विकृत कार्यक्रम अनुसार छनौट भएका किसानहरुको आय आर्जन बढाई जिवन स्तरमा सुधार गर्ने उदेश्यले ३२ वटा पाडी रु ६ लाखमा खरिद गरि बितरण गर्ने लक्ष्य राखेकोमा पाड़ा खरिद गरि बितरण गरेको देखियो । यस सम्बन्धमा पशु शाखा प्रमुखसँग छलफल गर्दा पाडा बितरण गरि मासु बिक्रीबाट आयआर्जन गर्ने उदेश्यले पाडीको सट्टा पाडो बितरण गरिएको जानकारी गराउनु भएको छ । यस कार्यक्रमको प्रमुख उदेश्य गाँउपालिकामा रहेका निम्न बर्गिय दलित किसानहरुलाईख पाडि बितरण गरी आय आर्जन बढाउने र समग्र गाँउपालिकाको स्तर बृद्धि गर्ने रहेको भनि एक प्रतिबेदन ।पालिकाबाट तयार भएको छ । मासूको लागि पाडो बितरणबाट आय आर्जन हुने विषयमा आश्वस्त हुन सकिएन । तसर्थ पाडि खरिद गरी आय आर्जन वृद्धि गर्ने कार्यक्रममा मासुका लागि पाडा वितरण गरी पालिकालाई थप व्ययभार मात्र भएको देखिन्छ । कार्यक्रम बिपरित खर्च भएको र सञ्चालन भएको । कार्यक्रमबाट आय अर्जनमा सहयोग पुगेको नदेखिएको रु | ६,००,०००। | कार्यक्रमको प्रमुख उदेश्य गाँउपालिकामा रहेका निम्न बर्गिय दलित किसानहरुलाई पडापाडि बितरण गरी आय आर्जन बढाउने र समग्र गाँउपालिकाको स्तर बृद्धि गर्ने रहेको ले गर्दा पाडा बितरण गरि मासु बिक्रीबाट आयआर्जन हुने दखिएकोले पाडा पनि वितरण भएको र पाडा पाडि दुबै बाट लक्ष्य अनुरुप उपलब्धी हासिल भएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ६,००,०००। |
| १० | | **नाफा मुलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले कार्यालयको दैनीक कार्य संचालन गर्न भवन नभएको अवस्थामा भवन भाडामा लिई खर्च लेखेको अवस्थामा समेत पालिकाले देहाय अनुसारका बचत तथा ऋण सहकारी संस्थालाई भवन तथा कम्पाउण्ड वाल निर्माण लगायतका कार्यमा अनुदान दिएको छ । जसबाट पालिकाको सेवा प्रवाहलाई सहज तथा सुलभ बनाउने कार्य भन्दा नाफामूलक संस्थाको भौतीक संरचना निर्माणको लागि खर्च गरेको देखिन्छ । साथै अनुदान लिएका नाफामुलक संस्थाले स्थानीय जनतालाई दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन। तसर्थ नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने कार्य अनियमित देखियो । | ९,०३,०९६। | न्युन पूँजि परिचालन भई ग्रामिण क्षेत्रमा सन्चालित भएकोले अफ्नो भवन आफैनिर्माण गर्न नसक्ने भएकाले कार्यपालिकाको निर्णय बमोजिम भुक्तानि भएको देखिन्छ नाफामुलक संस्था भएतापनि पालिका संग आबद्ध रहेको र पालिकाको कार्याक्षेत्र भित्र पर्ने भएकाले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ९,०३,०९६। |

२०७९ पुष २९ गते बसेको मनहरी गाउँपालिकाको गाउँसभाको बाह्रौं अधिवेशनको निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | | **भुक्तानी दिन बाँकी**<br>आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा चालु आर्थिक वर्षको बजेटले नखामेमा सोको विस्तृत विवरण खुलाई भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ २३३ मिति २०७७।१०।१ बाट आर्थिक वर्ष २०७६/७७ को २०७६ पौष देखि २०७७ आषाढसम्मको बातावरण शुल्क संकलनकर्ताको पारिश्रमिक भनी रु. ४४५२०० खर्च लेखांकन गरेको छ । तर उक्त रकम भुक्तानी दिन बाँकी रहेको भनी आर्थिक वर्षको अन्तमा प्रमाणित रहेको तथा सभाबाट उक्त शिर्षकमा रकम विनियोजन भएको देखिएन । तसर्थ भुक्तानी दिन बाँकी विवरण वेगर खर्च लेखांकन गरेको नियमित नदेखिएको रु | ४,४५,२००। | चालु आर्थिक वर्षको बजेटले नखामेमा सोको विस्तृत विवरण खुलाई भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्ने व्यवस्था रहेकोमा सो शिर्षकको भुक्तानि दिन बाकी कच्चावारी प्रमाणित रहेको पाईयो र कार्यापालिका बाट निर्णय भएकोले कर्मचारि को पारिश्रमिक भुक्तानि रोक्दा काम गर्न असहज रहने हुनाले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ४,४५,२००। |
| 12 | | **सट्टा शिक्षक**<br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य क्षेत्रमा रहेको देखिन्छ । जस्मा पालिकाले श्रोत शिक्षकको सट्टामा अर्को शिक्षक व्यवस्थापन गरी खर्च लेखांकन गर्न मिल्ने देखिदैन । तर गोभौ ११२ मिति २०७७।०७।२६ बाट महेन्द्र ज्योती उमाविलाई सट्टा शिक्षकको तलब भता वापत १८७९५० . निकासा दिएको छ । श्रेस्तामा संलग्न कागजात परीक्षण गर्दा उक्त विद्यालयमा कार्यारत शिक्षक श्री गोविन्द प्रसाद चौलागाई भिमफेदी गाउँपालिकामा काज सरुवा भएको देखिन्छ । शिक्षा ऐन तथा नियमावलीमा शिक्षक काजमा खटाउने व्यवस्था र पालिकाबाहिर कार्यरत शिक्षकको दरबन्दी पालिकाभित्र कायम गरी सोको सट्टामा सट्टा शिक्षक राख्न पाउने देखिदैन । तसर्थ पालिकाले कानुनमा व्यवस्था नभएको अभ्यास गरी पालिकालाई थप व्ययभार पारेको नियमित देखिएन । रु. | १,८७,९५०। | मिति २०७६ साल माघ २२ गते मनहरी गापा र भिमफेदी गा पा बिच भएको द्विपक्षिय समझौता बमोजिम महेन्द्र ज्योति मा बि हाडिखोलाका शिक्षक श्री गोबिन्द चौलागाई भिमफेदी गा पा अन्तर्गत काजमा रहेको र सम्झौताको शर्त बमोजिम भिमफेदी गापा ले नियमित रुपमा यस गापाको संचित्तकोषमा रकम जम्मा गरेकोले यस गा पा लाई कुनै हानि नोक्सानि नदेखिएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | १,८७,९५०। |
| 13 | | **शिर्षक फरक पारी खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) क बमोजिम खर्च गर्दा सम्वन्धित खर्च शिर्षकवाट गर्नुपर्ने व्यवस्था छ। एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ । पालिकाले ढुंगा, गिट्टी बालुवा उत्खनन तथा विक्री व्यवस्थापन शिर्षकमा विनियोजित रकम मध्येबाट सवारी साधन भाडाना गोभौ १६८ मिति २०७७।०८। ३० बाट रु.८२५००।०० र गोभौ २११ मिति २०७७।०९।२३ बाट रु.६०५००।०० गरी रु.१४३०००।०० खर्च लेखांकान गरेको छ । तसर्थ पालिकाको सभाबाट विनियोजन भएको शिर्षक भन्दा फरक शिर्षकमा खर्च भएको नियमित नदेखिएको रु | १,४३,०००। | सम्बन्धित शिर्षकमा बजेट नभएकोले र सो रकम भुक्तानी गर्न आवश्यक रहेकोले पालिकाले सो शिर्षकबाट भुक्तानि गर्ने भन्ने निर्णय गरेकोले त्यस कारणबाट पालिकालाई कुनै किसिमको हानि नोक्सानी नपर्ने भएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | १,४३,०००। |
| | | **आर्थिक बर्ष २०७६।०७७** | | | |
| ९० | | **भ्याट बिल पेश नभएको**<br>आर्थिक कार्याबिधी नियमावली २०६४ को नियम 36 3 मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्नेमा नियम 36 को ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाच गर्नु पर्ने व्यवस्था छ । गौ भौ नं 7 2077/06/01 बाट रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरेबापतको समझौता रकमको गांउबेशी संचार मन्च मनहरी मकवानपुर लाई रु 82500 भुक्तानी गरेको छ तर भुक्तानीका लागी भ्याट बिजक पेश नगरी प्यान बिजक पेश गरेको छ। एकमुष्ट सम्झौता भएको रकम रु८२५०० को भ्याट बिजक पेश नगरी टुक्रे प्यान बिजक | ८२,५००। | गांउबेशी संचार मन्च आफैमा गैर नाफामुलक संस्था भएकोले भ्याटमा दर्ता हुनुपर्ने बाध्याकारी व्यवस्था नभएको हुदा स्थाइ लेखा नम्बर प्यान बाट नै सबै कारोबार गर्न सकिने अबस्था रहेको र प्यान बील संलग्न राखी भुक्तानी लिदा १५ प्रतिशत करकट्टी गरि भुक्तानी भएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | ८२,५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पेश गरि भुक्तानी भएको रकम नियम संम्मत भन्न नमिल्ने | | | |
| 99 | | **भ्याट बिल पेश नभएको**<br>आर्थिक कार्याबिधी नियमावली २०६४ को नियम 36 3 मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्नेमा नियम 36 को ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाच गर्नु पर्ने व्यवस्था छ ।गो भौ नं ८ २०७७/03/03 बाट स्थानीय सरकार रेडियो कार्यक्रम बापत गांउबेशी संचारमन्च मकवानपुरबिच मिती २०७६/११/०२ महिला दलित जनजाति आदिबासी लौपोन्मुख लक्षित कार्यक्रम सम्पन्न गर्ने गरी रु २४०००० को एकमुष्ट सम्झौता गरीएको छ ।तर गांउबेशी संचार मन्च भुक्तानी लिएको छ । भ्याट बिजक पेश नगरि भुक्तानी भएको रकम नियम संम्मत भन्न नमिल्ने । | २,४०,०००। | गांउबेशी संचार मन्च आफैमा गैर नाफामुलक संस्था भएकोलें भ्याटमा दर्ता हुनुपर्ने बाध्याकारी व्यवस्था नभएको हुदा स्थाइ लेखा नम्बर प्यान बाट नै सबै कारोबार गर्न सकिने अबस्था रहेको र प्यान बील संलग्न राखी भुक्तानी लिदा १५ प्रतिशत करकट्टी गरि भुक्तानी भएकोले नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | २,४०,०००। |
| | १७ | गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न ३० वटा क्रसर उद्योगहरुमा स्टकमा रहेको मध्ये २,६२,५८५ घन मिटर र राप्ती खेलाको मनहरी खण्डमा IEE Reportले उत्खनन् गर्न सकिने भनि तोकेको वार्षिक २,६०,५०० घनमिटर समेतले हुने ५,२३,०८५ घन मिटरको प्रदेश कानुनद्धारा तोकिएको दर प्रति घन मिटर रु.९ का दरले हुने रु.१६,६०,९९,१००।- (मु.अ.कर बाहेक) न्यूनतम कबोल अंक कायम गरी लागत अनुमान स्वीकृत गर्नुपर्नेमा रु. १४ करोड २० लाख न्यूनतम कबोल अंक कायम गरी लागत अनुमान स्वीकृत गरेको देखियो । राजस्व परामर्श समितिले ठेकेदारलाई १५ प्रतिशत ओभरहेड बापत रकम घटाएर न्यूनतम कबोल अंक कायम गरेको व्यहोरा लेखापरीक्षणमा जानकारी प्राप्त भयो।यस प्रकार कायम गरिएको न्यूनतम कबोल अंकको अधारमा आहवान गरिएको बोलपत्र प्रस्ताव बमोजिम रु.१४ करोड ३१ लाख (मु.अ. कर बाहेक) कबोल अंक रहेको सि. वि. कन्स्ट्रक्सन प्रा. लि. सँग सम्झौता गरी कार्य गरिएको छ । बागमती प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७५ को दफा १५ र आर्थिक ऐन २०७६ बमोजिम उत्खनन् संकलन र बिक्रि गर्न तोकिएको परिमाणमा प्रति घनफिट रु ९ (मु.अ. कर बाहेक) ले हुने रकम न्यूनतम कबोल अंक कायम गर्नुपर्ने प्रावधान छ ।उक्त न्यूनतम कबोल अंकमा १५ प्रतिफुट रकम ठेकेदारको लागि ओभरहेड भनी घटाउन मिल्ने कुनै कानुनी प्रावधान देखिन आएन । यसरी न्यूनतम कबोल अंक कायम गर्दा १५ प्रतिशत ओभरहेड कट्टी गरी घटाएर कायम गरेबाट गाउँपालिकालाई रु २४७३१३४० नोक्सानी हुन गएको रु. | २,७९,४६,४१४। | यस दफा १७ मा उल्लेख भएको कैफियतको सम्बन्धमा उक्त आय ठेक्का यस कार्यालयबाट कार्यान्वयन गरिएको आय ठेक्का संग सम्बन्धित पहिलो ठेक्का भएको,त्यस्तो आय ठेक्का लगाउने संघीय, प्रदेश र स्थानीय तिनवटै कानुनको अभाव भएको, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ को ६ मा ढुङ्गा गिटि बालुवाको कर संकलन सम्बन्धमा स्थानीय तहको एकल अधिकार क्षेत्र भनि उल्लेख गरेको तथा सोही ऐनको दफा ६२ क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परमाणमा स्लेट, ढुङ्गा, गिटि, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ भन्ने व्यबस्था रहेको समेत आधारमा न्युनतम ठेक अंक कायम गर्न तोकीएको प्रदेश कानूनबमोजिमको बिक्रि शुल्क रु.९ ले कुल निकासी हुने पुरा परिमाणमा बराबरनै न्युनतम अंक एकीन गर्ने हो भने बोलपत्रदाताहरुबिच प्रतिस्पर्धा गर्ने मनासिब आधार नहुने र राजस्व संकलन गर्ने कार्यमा संलग्न ठेकेदारकेलागी संचालन तथा व्यबस्थापन खर्च उपलब्ध गराउन बैकल्पिक व्यबस्था समेत नदेखिने अबस्थालाई मध्यनजर गरि सार्बजनिक खरीद नियमावली २०६४ को नियम १० को उपनियम ७ को अनुसुची १ अनुसार कुल निकासी हुने परिमाणमा १५ प्रतिशत शिरोभार खर्च उपलब्ध गराउने गरि न्युनतम अंक कायम गरिएको व्यहोरा अनुरोध छ ।साबिक जिल्ला बिकास समितिबाट हुने गरेको अभ्यास र सोही आ.ब.मा समेत यस्तै प्रकारको ठेक्का बन्दोबस्ती गर्ने राक्सिराङ लगायत पालिकासंग लिईएको मौखिक जानकारी अनुसार समेत त्यस्तो ठेक्कामा ओभरहेड खर्च राख्ने गरेको बुझिएको (हाल यस्तो प्रकारको ठेक्का बन्दोबस्ती गर्ने स्पष्ट कानून नभएतापनि साबिकमा जिल्ला बिकास समितिहरुले यस्तो प्रकारको | २,७९,४६,४१४। |



रन्जन कानाखेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आय ठेक्का बन्दोबस्तीमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली–२०६४ को परिच्छेद–६, नियम १६७ को उपनियम–४ को खण्ड क र ङ मा "श्रोत परिचालनको व्यवस्थापन तथा लागत बिचार गरी न्युनतम ठेक अंक कायम गर्नुपर्ने" र एकमुष्ठ बुझाएमा छुट दिन सकिने प्राबधान रहेकोमा जि.बि.स.हरुले आय ठेक्कामा त्यसरी ओभरहेड तथा छुटको प्राबधान कार्यान्वयन गर्ने गरेको÷हाल सार्बजनिक खरीद अनुगमनको कार्यालयले समेत यस्तो नदीजन्य पदार्थ निकासी प्रकारको आय ठेक्का कार्य खरीद ऐन नियमावली बमोजिम खरिदको परिभाषाभित्र नपर्ने भएकोले कुनै लिखित राय सुझाब दिने समेत गरेको पाईदैन) र कार्यालयका जनप्रतिनिधी/पदाधिकारीसंग भएको छलफलबाट समेत बढि परिमाण निकासी समेत हुन नहुने र तोकिएको दर भन्दा बढी दरमा ठेकेदारले राजस्व संकलन गर्न पनि नपाउने अबस्थामा "ओभरहेड" खर्चमानै प्रतिस्पर्धा गराउनु व्यबहारत जायज हुने भन्ने आधारबाटनै सो न्युनतम अंक कायम गरि सुचना प्रकाशन भएको र प्रकाशित सुचना बमोजिम सहभागी भइ छनौट भएको ठेकेदारसंग सोही सुचनामा तोकिएको शर्त बमोजमिनै २०७६/०८/०८ मा ठेक्का सम्झौता गरि सम्झौता बमोजिमनै रकम प्राप्त भएको देखिदा सो सम्बन्धमा कोही कसैबाट नियतबस गाँउपालिकालाई कुनै किसिमको रकम कम हुने गरि सम्झौता भएको देखिदैन । त्यसरी कायम भएको न्युनतम अंकलाई मिति २०७७ भाद्र १३ को स्थानीय राजस्व परामर्श समितिको निर्णय सिफारिस तथा मिति २०७७ भाद्र २१ को कार्यपालिका बैंठकले समेत स्वीकृत गर्ने निर्णय भएको साथै मनहरी गाँउपालिकाको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७६ को दफा ४३ र ४८ समेतलाई बिच्चार गर्नुपर्ने आधारमा उक्त अंक रु.२७९४६४१४ बेरुजुबाट हटाइ सम्परिक्षण गर्न गाउँसभामा सिफारिस गर्ने मिति २०७९/०९/२५को लेखा समितिको निर्णय व्यहोराको आधारमा उक्त अंक बेरुजुबाट हटाई नियमितका लागि लेखा समितिको सिफारिस बमोजिम सम्परीक्षण गरि लगत कट्टा गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो । | |

रन्जन कान्नाखेती
अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

६. प्रस्ताव नं. ६ विविध माथि छलफल गर्दा तपसिल बमोजिमका निर्णयहरु गरीयो ।

- गाउँपालिकाको सेवा प्रवाहलाई उपलब्ध जनशक्तिबाट मात्र सहज रुपमा सेवा प्रवाहमा कठिनाई उत्पन्न भएको समयमा सेवा प्रवाहलाई प्रभावकारी बनाउन तत्काल कार्यापालिकाको निर्णय बमोजिम कार्यालयबाट नियुक्ति भएका कर्मचारीहरुको नियुक्ती अनुमोदन गर्ने निर्णय गरीयो ।
- मनहरी गाउँपालिकाको गाउँ सभाको एघारौं अधिवेशन पश्चात गाउँसभाबाट अनुमोदन हुनुपर्ने गरी विभिन्न मितिमा कार्यापालिकाको बैठकका निर्णय तथा कार्यालयबाट सम्पादन भएका कामहरु अनुमोदन गर्ने निर्णय गरीयो ।
- आ.व.०७९/०८० को हालसम्मका गाउँ कार्यपालिका कार्यालयले प्राप्त गरेको आय तथा गरेको व्यय अनुमोदन गर्ने निर्णय गरीयो ।

उपरोक्त प्रस्तावहरुमाथि प्रर्याप्त छलफल गरी सर्वसम्मतरुपमा निर्णय गरीयो ।

रन्जन कालाखेती
अध्यक्ष